रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/०३/२३ (अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## रुरु गाउँपालिकाको विनियोजन ऐन, २०७६

सम्बत २०७६ को ऐन नं. ४ गाउँसभाबाट पारित मिति :२०७६/०३/२३

# रुरु गाउँपालिकाको विनियोजन ऐन, २०७६

रुरु गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषवाट केही रकम खर्च र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

प्रस्तावना: रुरु गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम रुरु गाउँ सभाले यो ऐन वनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम रुरु गाउँपालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकारः (क) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च,पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३७,१६,१८,०००/- (सैंतीस करोड सोह्र लाख अठार हजार) मा नवढाई निर्दिष्ट गरिए वमोजिम संचितकोषवाट खर्च गर्न सकिनेछ ।

३.विनियोजनः (क) यस ऐनद्धारा सञ्चितकोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त रुरु गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शीर्षकवाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट अर्को शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(ग) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्वन्धित)
नेपालको संविधानको धारा २२९ (२) वमोजिम
संञ्चितकोषवाट विनियोजन हुने रकम

रकम रु.हजारमा

| क्र.सं. | आम्दानी शिर्षक | प्रस्तावित वजेट रु.हजारमा | क्र.सं. | खर्च शिर्षक | प्रस्तावित वजेट रु.हजारमा |
|---|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण अनुदान केन्द्र सरकार | ८१,७००/- | १. | संचालन खर्च ( गा.पा.) | ४५,६१४ |
| २. | राजश्व वाडँफाडँ केन्द्र सरकार | ५९,५००/- | २. | संचालन खर्च ( वडा) | ३,८५० |
| ३. | वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | ४,१३०/- | ३. | आर्थिक विकास | ११,००० |
| ४. | राजश्व वाडँफाडँ प्रदेश सरकार | ५,६९५/- | ४. | सामाजिक विकास | ३०,००० |
| ५. | आन्तरिक आम्दानी | ८,०००/- | ५. | पुर्वाधार विकास | ३०,००० |
| ६. | संचित कोषमा फिर्ता हुने अनुमानित रकम | १०,०००/- | ६. | वन,वातावरण तथा विपद् व्यवस्थापन | ४,३०० |
| ७. | सशर्त कार्यक्रम (केन्द्र सरकार) | १,८३,७०० | ७. | संस्थागत विकास क्षमता अभिवृद्धि र सुशासन | ७,००० |
| ८. | सशर्त कार्यक्रम (प्रदेश सरकार) | ८,००० | ८. | वित्तिय व्यवस्थापन | ४२,९५४ |
| ९. | विशेष अनुदान(प्रदेश सरकार) | ५२०० | ९. | सशर्त कार्यक्रम (केन्द्र सरकार) | १,८३,७०० |
| १० | जल विद्युत रोयल्टी | ५६९३ | १०. | सशर्त कार्यक्रम -प्रदेश सरकार) | ८,००० |
| - | - | - | ११. | विशेष अनुदान | ५२०० |
| | कुल जम्मा आम्दानी | ३,७१,६१८ | कुल जम्मा खर्च | | ३,७१,६१८ |

प्रमाणिकरण मिति :२०७६/०३/२३

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत